अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७४।०८।२३ गते

# प्रेस विज्ञप्ति

**विषय: भ्रष्ट्राचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, कार्यक्रम सम्पन्न: ।**

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालयको संयुक्त आयोजनामा भ्रष्ट्राचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस, २०१७ विशेष कार्यक्रमका साथ सम्पन्न भएको छ ।

आज मंसिर २३ गते शनिबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगालको सभाहलमा आयोजित उक्त विशेष कार्यक्रमलाई प्रधानमन्त्री श्री शेरवहादुर देउवाले प्रमुख अतिथिका रुपमा सम्वोधन गर्नुभएको थियो । आयोगका प्रमुख आयुक्त श्री दीप बस्न्यातले भ्रष्टाचारका विविध आयमका बारेमा चर्चा गर्दै यसको नियन्त्रणका लागि अपनाउनु पर्ने विधिमा प्रकाश पार्नु भएको थियो ।

प्रमुख आयुक्त बस्न्यातको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी र आयोगका सचिव श्री राजन खनालले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा आयोगका आयुक्तहरु श्री नवीनकुमार घिमिरे, डा. गणेशराज जोशी, श्री राजनारायण पाठक र डा. सावित्री थापा गुरुङ लगायत अन्य विशिष्ठ व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी